आज मिति २०८३।०३।१० गते गाउँपालिकाका अध्यक्ष श्री राजावावु यादव ज्यूको अध्यक्षतामा बसेको १८ गाउँ अधिवेशनको बैठकमा निम्नअनुसारको उपस्थिति रहि तल उल्लेखित बमोजिमको प्रस्तावहरु माथि छलफल भै निर्णय भयो ।

**तपसिल**

अध्यक्ष श्री राजावावु यादव ज्यू
उपाध्यक्ष श्री गिता देवी साह ज्यू
१ नं. वडा अध्यक्ष श्री ब्रह्मदेव चौधरी ज्यू
२ नं. वडा अध्यक्ष श्री सदानन्द यादव ज्यू
३ नं. वडा अध्यक्ष श्री अजय यादव ज्यू
४ नं. वडा अध्यक्ष श्री विरेन्द्र ठाकुर ज्यू
५ नं. वडा अध्यक्ष श्री श्रीनन्दन प्रसाद यादव ज्यू
६ नं. वडा अध्यक्ष श्री गुदर साह ज्यू
७ नं. वडा अध्यष श्री गौरी शंकर पंडित ज्यू
कार्यपालिका सदस्य श्री सुचैन पंडित ज्यू
कार्यपालिका सदस्य श्री रामकेशर दास ज्यू
कार्यपालिका सदस्य श्री धनमन्ती देवीमहतो ज्यू
कार्यपालिका सदस्य श्री गीता देवी ज्यू
कार्यपालिका सदस्य श्री रामवती देवी ज्यू
कार्यपालिका सदस्य श्री राधिका देवीधोविन ज्यू
वडा सदस्य श्री रामएकवाल राय
वडा सदस्य श्री चन्हीया देवी
वडा सदस्य श्री पनीलाल सहनी मलाहा
वडा सदस्य श्री इनसाद मियाँ
वडा सदस्य श्री चन्द्रीका देवी
वडा सदस्य श्री रामानन्द राय
वडा सदस्य श्री शिवजी दास
वडा सदस्य श्री जगरनाथ सहनी
वडा सदस्य श्री संझादेवी यादव
वडा सदस्य श्री रन्जु कुमारी
वडा सदस्य श्री दयाराम राउत कुर्मि
वडा सदस्य श्री पवित्रि देवी वैठा
वडा सदस्य श्री वुटाइ सहनी

CamScanner

वडा सदस्य श्री मुगलाल राय

वडा सदस्य श्री रामसुवेस राय

वडा सदस्य श्री लिलावती देवी

वडा सदस्य श्री निर्मला देवी

वडा सदस्य श्री अशोक कुमार सिंह

वडा सदस्य श्री दरोगा राय

वडा सदस्य श्री मरछिया कुमारी

वडा सदस्य श्री शेषनाथ हजारी

वडा सदस्य श्री उषा देवी

वडा सदस्य श्री जुगाती वैठा धोवी

वडा सदस्य श्री शैल देवी

सदस्य सचिव श्री लालवावु यादव ज्यु

**प्रस्ताव नं.१ आर्थिक वर्ष ०८३।०८४ को निति तथा कार्यक्रम पारित सम्बन्धमा ।**

निर्णय नं.१ प्रस्ताव नं.१ माथि छलफल गर्दा आर्थिक वर्ष ०८३।०८४ को गाउँपालीका,वडा कार्यालयबाट समुदायमा व्यापक छलफल गरि गाउँ कार्यपालीका वैठकबाट पारित भइ पेश भएको आर्थिक वर्ष ०८३।०८४ को निति तथा कार्यकम माथि व्यापक छलफल गरि पारित गरियो ।

**प्रस्ताव नं.२ खर्चको समर्थन सम्बन्धमा ।**

निर्णय नं.२ प्रस्ताव नं.२ माथि छलफल गर्दा गाउँपालीकाको आर्थिक वर्ष ०८२।०८३ को २०८३।०३।०९ गते सम्म गाउँसभा र विशेष गाउँसभाबाट पारित भएका सम्पुर्ण योजना तथा कार्यकहरुको खर्चलाइ समर्थन गर्ने निर्णय गरियो ।

रामनगर गाउँपालिकाको अठारौं गाउँसभाको प्रमुख अतिथि ज्यु,गाउँसभाको उपाध्यक्ष ज्यु, गाउँसभाका सदस्य ज्युहरु,कार्यपालीकाका सदस्य ज्युहरु,प्रमुख प्रशासकीय अधिकृत ज्यु ,सुरक्षा कर्मी ज्युहरु,पत्रकार ज्युहरु र यस गाउँपालीकामा कार्यरत सम्पुर्ण कर्मचारी लगायत उपस्थित सम्पुर्ण न्याय प्रेमी महानुभावहरुमा हार्दिक अभिवादन व्यक्त गर्दछु ।

१, नेपालको संविधान,२०७२ ले सुनिश्चित गरेका प्रावधानहरुलाई व्यवहारत: रुपान्तरण गर्ने क्रममा स्थानीय तह सदस्यको निर्वाचन २०७९ वैशाख ३० गते सम्पन्न भए पछि स्थानीय सरकारको संघिय लोकतान्त्रिक गणतन्त्र स्थापना पछिको दोस्रो पटक भएको स्थानीय तहको निर्वाचनबाट निर्वाचीत हामि जनप्रतिनिधिहरुको दोस्रो कार्यकालको चौथो वर्ष पुरा गरि पाचौं वर्षमा प्रवेश गरेका छौ । यस अवसरमा सर्वप्रथम गौरवमय दोस्रो स्थानी।य सरकारको पाचौं गाउँसभाबाट संघीय लोकतान्त्रीक गणतन्त्र स्थापना गर्न विभिन्न आन्दोलनमा प्राण आहुती गर्नुहुने तथा हाले युवा पुस्ताहरुको ऐतिहासिक सहभागीतामा भएको भाद्र २३ र २४ गतेको आन्दोलनमा जिवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात सहिदहरु प्रति भावपुर्ण श्रद्धान्जली अर्पण तथा घाइते हुन भएका सम्पुर्ण योद्धाहरुको सिघ्र र पुर्ण स्वास्थ्य लाभको कामना गर्दछु । यसै गरी यो गाउँपालीकाको तीव्र विकास र समृद्धिको कार्यदिशा अगाडी बढाउन र यहाका समस्त नागरिकहरुको सुखी जिवन निर्माणको लागि हामीलाइ यो महत्वपुर्ण जिम्मेवारी र कार्यभार सुम्पने सवै गाउँवासी शुभेच्छुक र सरोकारवालाहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहान्छु । वार्षिक नीती तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालीका विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा,वुवा,दाजभाइ तथा दिदि बहिनीहरु लगायत सहजकर्ताहरुलाई हार्दिक आभार सहित हामी सवैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु ।

यस गरिमामय सभा मार्फत गाउँपालीकाको आर्थिक वर्ष २०८३।०८४ को वार्षिक निति तथा कार्यक्रम पेश गर्न पाउदा आफुलाइ गौरवान्वित महशुस गरेको छु । वार्षिक निति तथा कार्यक्रम तर्जुमा क्रममा गाउँपालीकालाइ महत्वपुर्ण तथा रचनात्मक सल्लाह सुझाव दिनु हुने सम्पुर्ण आमावुवा,दाजुभाइ,तथा दिदि वहिनीहरु,कर्मचारी,राजनितिक दल,गैरसरकारी

संघसंस्थाका प्रतिनिधि,नागरिक समाजका प्रतिनिधि लगायत सम्पुर्ण महानुभावहरुप्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु । सम्मुनत र समृद्ध गाउँपालीका निर्माण गर्ने संकल्प,समस्त गाउँपालीकाबासीको चाहना र निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने क्रममा सडक, शिक्षा, स्वास्थ्य, खानेपानी, सिचाइ, सास्कृतिक सम्पदाको संरक्षण जस्ता क्षेत्रहरुको भौतिक पुर्वाधार निर्माणमा हामिले ठुलै फड्को मारेका छौं । सडक,स्वास्थ्य,शिक्षा,खानेपानी,सिचाइ,सास्कृतिक सम्पदाको संरक्षणका क्षेत्रहरुको कतिपय भौतिक निर्माण कार्य सम्पन्न भएका छन भने कतिपय निर्माणधिन अवस्थामा रहेका छन । संघिय लोकतान्त्रिक गणतन्त्र संविधानले परिकल्पना गरेको जनताको सबैभन्दा नजिकको सरकारको रुपमा रहेको यस स्थानीय सरकार जनआकांक्षा अनुसार गाउँपालीकाको विकास निर्माण,सुशासन,शान्ति,समुन्नत बनाउन तथा गाउँपालीकाका नागरिकहरुको जीवनस्तर उकास्न हामीले अवलम्वन गरेको निति तथा कार्यकमहरुको प्रभावकारी भुमिका रहनेछ भन्ने विश्वास लिएको छु । यस निति तथा कार्यकममा जनतासग प्रत्यक्ष सम्बन्ध र सम्पर्क राख्ने वडा कार्यालयहरुको क्षमता विकास,स्रोत साधनमा वृद्धि,उच्चतम प्रविधि तथा प्रणालीको प्रयोग गर्ने जस्ता नीति तथा कार्यकमहरु अवलम्वन गरिएको छ । कृषि तथा पशुपन्छि, शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशिलता, भौतिक पुर्वाधार,सामाजिक विकास,विपद व्यवस्थापन,खानेपानी तथा सरसफाइ,राजस्व चुहावट नियन्त्रण तथा सुचना प्रविधिको उच्चतम प्रयोग गर्ने जस्ता विषयगत क्षेत्रहरुका लागि विशेष नीति तथा बार्षिक कार्यकम तय गरेको छु ।

२, नेपालको संविधान,२०७२ स्थानीय सरकार सञ्चालन ऐन २०७४,गाउँपालीकाको अर्थ विधेयक २०८३,विनियोजन विधेयक २०८३,गाउँपालीकाको निति तथा कार्यकम ,संघिय तथा प्रदेश सरकारका नीती तथा कार्यक्रमहरु,गाउँपालीक विषयगत समितिका सुझावहरु,दिगोविकासका लक्ष्य,गाउँ सभाका सदस्य ज्यूहरुले दिनु भएका ,सुझावहरु,विषय विज्ञका सुझाव तथा राजनीतिक दलहरु संघ संस्था,गाउँपालीकाका सम्पुर्ण दिदिवहिनी तथा दाजु भाईहरुबाट प्राप्त महत्वपुर्ण

तथा कार्यान्वयन योग्य सुझावहरुलाई समेत समेटी आ.व.०८३।८३ को बजेट तर्जुमा गरिएको छ।

३,जेन्जि आन्दोलनबाट युवापुस्ताहरुले राखेको आवश्यक मागहरुले परिवर्तन गरेको देशको राजनितिक आवस्थाबाट हामि सबैले सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशानको अनुभूती जनमानसमा ल्याउन गाउँपालीकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ। यसका लागि विधुतीय सुशासन प्रणालीलाइ सेवा प्रभावमा व्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ।

४, अव म आगामी आर्थिक वर्ष ०८३।०८४ को बजेटमा विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती निम्नअनुसार प्रस्तुत गर्न चाहान्छु।

- हाम्रा लागि देहाय बमोजिमका अवसरहरु रहेकाछन :–

  क) संविधानत : अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु।

  ख) आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन,कानून तर्जुमा,योजना तर्जुमाको अभ्यास हुनु।

  ग) विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट संचालन गर्ने अधिकार प्रष्ट हुनु।

  घ) गाउँपालीका भित्र भौगोलिक तथा सास्कृतिक विविधता रहनु।

  ङ) सवै वडामा सडक पुर्वाधारको पहुँच हुनु।

  च) सडक निर्माणमा भएको लगानी संगै गाउँपालीकामा उत्पादित कृषिजन्य उत्पादनलाइ बजार सममको पहुँच स्थापित हुनु।

- हाम्रा सामु देहाय बमोजिमका चुनौतिहरु रहेकाछन : –

  क) रोजगार उन्मुख सीपमुलक शिक्षाको विकास गर्नु।

  ख) बजारको सुचना कृषकलाइ समयमा नै उपलब्ध गराउनु।

  ग) गुणस्तरीय विउविजन मलखाद्य समयमै उपलब्ध गराउनु।

  घ) युवा जनशक्तिलाइ कृषि व्यवसाय प्रति आकर्षित गर्नु।

  ङ) व्यासायीक कृषकहरुको संख्या वृद्धि गर्नु।

लिलाव

गिता

निर्मला

सौं

च) वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुजीलाइ उद्यम विकासमा उपयोग गुर्न ।

छ) निर्माण भएको पुर्वाधारको मर्मत सम्भार पद्धतिको विकास गर्नु ।

ज) सडक लगायतका पुर्वाधारको उपयोग योजना डिजाइन तथा डइङ्ग विना गरिने सडक तथा अन्य पुर्वाधारका संरचना निर्माणको कार्यलाइ रोक्नु ।

झ) डुवान लगायताका प्रकोप उच्च जोखिनमा भएका वस्तिमा भवन निर्माण कार्यलाइ रोक्नु।

ञ) अव्यवस्थित वस्ति विस्तारको कम रोक्नु तथा व्यवस्थित वस्ति विकास गर्नु ।

ट) बैज्ञानिक जलवायु उत्थानशिल तथा व्यवहारिक एवम उपयुक्त भु उपयोग योजना तर्जुमा गरि लागु गर्नु ।

ठ) प्रकृतिक स्रोत तथा नदिजन्य पदार्थ(ढुंगा,गिटी,बालुवा)को मापदण्ड अबलम्वन नगरि अत्यधिक दोहन रोक्नु ।

५,अव म आगामी आर्थिक वर्ष ०८३।०८४ को बजेटका उदेश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमती चाहन्छु। बजेटका उदेश्यहरु निम्नानुसार प्रस्तुत गरिएको छ ।

क) आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने ।

ख) गाउपालीकाबाट प्रदान गरिने सेवा प्रवाहमा आम नागरिकको सरल र सहज पहुच अभिवृद्धि गर्ने ।

ग) निजी तथा सहकारी क्षेत्र सँग सहकार्य गर्दै रोजगारीका अवसरहरु सिर्जना गर्ने ।

घ) साधन स्रोत,अवसर र क्षमताको विकास तथा सोको उच्चतम उपयोग गरी समृद्ध गाउँपालीका बनाउने ।

ङ) आर्थिक भौतिक सामाजीक र वातावरणीय पुर्वाधार विकास गरि समुन्नत र सुदृढ गाउँपालीका वनाइ राष्टको विकासमा टेवा पुऱ्याउने ।

च) दिगो विकासको मर्म अनुरुप भौतिक पुर्वाधारको विकास गर्ने ।

छ) सामुहिक निर्णय प्रद्धती तथा प्रभावकारी कार्यान्वयन प्रणाली अपनाउने ।

ज) मुख्यत कृषी,स्वास्थ्य र शिक्षा क्षेत्रको विकास गर्ने ।

झ) बेरोजगार व्यक्ति/युवाहरुको लागि रोजगारी सृजना गरिनेछ ।

ञ) लैगिंक समानता,सामाजिक समावेशीकरणको अभिवृद्धि गर्ने ।

ट) बैदेशिक रोजगारीमा आउन सक्ने सम्भावित संकुचनलाइ गरि रोजगार मुलक गतिविधि संचालन गर्ने ।

६,आर्थिक वर्ष ०८३।०८४ को बजेटका प्राथमिकताका क्षेत्रहरु निम्नानुसार प्रस्तुत गरिएको छ ।

क) कृषि तथा पशु विकासमा सुधार

ख)स्वास्थ्य सेवामा सुधार एवं पहुँच

ग)शैक्षिक उन्नयन एवं युवा तथा खेलकुद

घ) शहरी सौन्दर्य र भु उपयोग एवं वस्ती विकास

ङ)वातावरण संरक्षण एवं विपद व्यवस्थापन

च)रोजगारी सिर्जना तथा सहकारी क्षेत्रको प्रवद्धन

छ) लक्षित वर्गको उत्थान एवं सशक्तिकरण र सामाजिक समावेशीकरण

ज)प्रविधि प्रयोग तथा डिजिटल प्रणाली

झ)संस्कृति तथा पर्यटन प्रवद्धन

ञ) राजस्व प्रशासन तथा वित्तिय सुशासन

ट) सुरक्षित प्रसुती सेवा

ठ) महिला वालवालीका तथा जेष्ठ नगरिकको शसक्तिकरण

ड) सुशासन,पारदर्शिता र सेवा प्रवाहमा सुधार

ढ) सार्वजानिक जग्गाको संरक्षण

ण) दलित तथा विपन्न परिवारको आवास निर्माण

७, बजेटले राखेका उद्देश्य एवं प्राथमिकता कार्यान्वयन गर्न संघीय सरकार प्रदेश सरकार छिमेकी स्थानीय तहहरु,विकासको सहयात्रीको रुपमा रहेको निजी तथा सहकारी क्षेत्र सँग समन्वय एंव साझेदारी गरिने छ । विनियोजन हुने बजेट र

वार्षिक कार्यक्रमलाई बजेटका प्राथमिकता र उद्देश्यसँग तादाम्यता कायम गर्न अधिकतम प्रयास गरिएको छ ।

उपस्थित सम्पुर्ण महानभावहरु म चालु आवको हाल सम्मका प्रमुख उपलब्धिहरुको संक्षिप्त विवरण भौतिक उपलब्धि प्रस्तुत गर्न चाहान्छु ।

✓ भौतिक पुर्वाधार विकास(सडक,खानेपानी,सिचाइ)का क्षेत्रमा भएका उपलब्धी

क) सडक यातयात :–यस गाउँपालीकामा हाल सम्म ५० कि मि पक्की सडक,२० किमि ग्रेभल सडक,२० किमि धुले वा कच्ची सडक रहेको छ । गाउँपालीकाका सवै वडाहरुमा सडकको पहुच पुगेको छ । गाउँपालीकाले विभिन्न बस्ती र पर्यटकिय क्षेत्रहरुमा समेत वर्षायाममा गाडी चल्ने पुर्वाधार विस्तार गरेको छ । गाउँपालीकाबाट अन्य गाउँपालीकाका तथा प्रमुख राजमार्ग सम्मको सडक पहुँचलाइ सुदृढ बनाइएको छ । जस्तै

१.वडा नं.१ र ३ मा जोड्ने कल्भर्ट निर्माण कार्य

२.वडा नं.६ र ७ लाइ जोड्ने कल्भर्ट निर्माण कार्य

३.वडा नं.२ धुर्वामा नाला तथा सडक ढलान कार्य

४.वडा नं.१ मा नाला तथा सडक ढलान कार्य

५.वडा नं.६ मा सिसौट बजारमा सडक ढलान कार्य

६.वडा नं.६ मा सिसौट बजार ढलान कार्य

७.वडा नं.६ मा दलित वस्तीमा सडक ढलान कार्य

८.वडा नं.५ मा विद्यालय देखि हनुमान मन्दिर सम्म सडक ढलान कार्य

९. वडा नं.५ मा नहर सम्म सडक ढलान कार्य

१०.वडा नं.५ शिवमन्दिर देखि बलरा ८ नं.वडा सम्म जाने बाटोमा सडक ढलान कार्य

११.वडा नं.१ मा मनुष्मारा नदि देखि पनिलाल सहनीको घर सम्म सडक ढलान कार्य

१२.वडा नं.१ मा जुगल किशोर रायको शालिक देखि राम जानकी मठ सम्म पुक्कि ढलान कार्य

१३.वडा नं.१ हिरमत नगरमा पक्कि ढलान कार्य
१४.गढीमाइ मन्दिर जाने सडकमा पक्कि ढलान कार्य
१५.वडा नं.६ प्रमोद रायको घर देखि मौजे रायको घर सम्म सडक ढलान
१६.वडा नं.६ पछियारी टोलमा सडक ढलान काय
१७.वडा नं.४ मुल सडक देखि फौजदार रायको घर जाने बाटोमा सडक ढलान
१८.वडा नं.४ मा चन्देव रायको घर देखि शुभनारायण रायको घर सम्म ढलान कार्य
१९.वडा नं.४ मा रामविश्वास रायको घर देखि पुनित राउतको घर सम्म सडक ढलान
२०.विभिन्न वडाहरुमा शुद्ध खानेपानीको लागि हैण्डपाइप जडान कार्य

ख) सिचाई : – गाउँपालीकाका विभिन्न वडाहरुमा गरी कुल १३ हजार हेक्टरमा सिचाइ सुविधा प्राप्त हुने अवस्था सृजना भएको छ । जलवायु परिवर्तनको प्रभावका कारण डिजाइन अनुसार पानि प्राप्त हुने कुरामा चुनौती थपिएको छ । साथै विभिन्न वडाहरुमा स्यालो ट्युवेल,डिप ट्युवेल जडान गरिको छ ।

✓ सामाजिक विकास(शिक्षा,स्वास्थ्य,लक्षित समुह) का क्षेत्रमा भएका उपलब्धि

क) गाउँपालीकामा रहेका स्वास्थ्य क्षेत्रमा सिमित स्रोत साधनमा रहि गाउँपालीकाले विभिन्न भौतिक पुर्वाधार निर्माण गरेको छ ।
१.वडा नं.४ मा इलाका स्वास्थ्य चौकि निर्माण ।
२.वडा नं.५ मा गडहिया स्वास्थ्य चौकि निर्माण ।
३.वडा नं.६ मा इलाका स्वास्थ्य चौकीको रंगरोगन ।
४.वडा नं.७ मा आधारभुत स्वास्थ्य चौकी निर्माण ।
५.वडा नं. १ को मठ टोल खैर्वामा १५ शैयाको अस्पताल निर्माण कार्य सुचारु भएको छ ।

ख) गाउँपालीका अन्तर्गत शिक्षा क्षेत्रको भौतिक पुर्वाधारमा उल्लेख्य प्रगति भएको छ। जस्तै

१. अधुरो रहेका सुनिता अरविन्द माविमा ४ कोठे भवन निर्माण।

२.वडा नं.५ प्रावि विर्तामा ४ कोठे भवन निर्माण।

३.वडा नं.२ सुनिता अरविन्द माविमा ४ कोठे भवन निर्माण।

४.बागमति माविमा २ कोठे भवन निर्माण।

५.प्रावि धुर्वामा २ कोठे भवन निर्माण।

६.जनता आधारभुत विद्यालय मलघटामा २ कोठे भवन निर्माण।

७.प्रावि धोवीटोलमा २ कोठे भवन निर्माण

८.तपस्वि जगदेव माविमा २ कोठे भवन निर्माण तथा रंगरोगन

९.सुधाकृष्ण ४ कोठे भवन निर्माण

१०.मनुष्मारा प्राविमा ४ कोठे भवन निर्माण

ग) गाउँपालीका अन्तर्गत विपन्न रहेको विभिन्न परिवारहरुलाइ सिपविकास तालीम दिइ रोजगारीको अवसर लिन टेवा पुगेको छ।

✓ आर्थिक विकास(कृषि,उद्योग,पर्यटन,सहकारी,रोजगार) का क्षेत्रमा भएका उपलब्धि

क) हाल सम्म गाउँपालीकामा २० कि.मि कृषि सडक निर्माण तथा मर्मत सम्भार भएको छ। वडा नं.६ को सिसौट बजार क्षेत्र ढलान गरि सहज रुपमा हाटवजार संचालन भएको छ। गाउँपालीका भित्र रहेका मठ मन्दिर मस्जिद तथा सार्वजानीक स्थलहरुको संरक्षण प्रवद्धन गर्ने कामलाइ व्यवस्थित रुपमा कार्यान्वयनमा ल्याइएको छ। रोजगारी सिर्जना गर्न गाउँपालीका भित्र रहेका श्रम शक्तिको लगत तयार गरि विभिन्न सिपमुलक तालिम संचालन गरिएको छ। प्रधानमन्त्रि रोजगार कार्यकम,सिपविकास तालीम,लघुउद्यम कार्यक्रमबाट रोजगारी सृजना भएको छ। जस्तै :-

१.वडा नं.३ मा गढीमाइ मन्दिर निर्माण

२.वडा नं.१ मा अधुरो शिवमन्दिर निर्माण

३.वडा नं.१ मा कमलामाइ,हनुमान,भगवति मन्दिर निर्माण

४.वडा नं.२ मा पुजा,आर्चनाको पंडाल निर्माण
५.वडा नं.२ इनर्वामा रामजानकी मठ सुचारु भएको छ।
६.वडा नं.५ मा महारानी मन्दिर निर्माण
७.वडा नं.६ मा शिवमन्दिर निर्माण
८.वडा नं.४ मा फुलमत माइको मन्दिर निर्माण
९.वडा नं.४ मा शैलेश मन्दिर निर्माण
१०. वडा नं.४ मा माहारानी माइको मन्दिर निर्माण
११. वडा नं.६ मा शैलेश मन्दिर निर्माण
१२.वडा नं.५ मा शिव मन्दिर रंगरोहन इत्यादी

✓ वनवातावरण,जलवायु परिवर्तन तथा विपद व्यवस्थापन

क) गाउँपालीका अन्तर्गतका वडाहरुमा आगलागि पिडित,भिषण वर्षको कारणले पर्ने डुवान आदिवाट हुने विपद व्यवस्थापनवाट प्रभाव परेको परिवारहरुलाइ आर्थिक सहयोग,त्रिपाल,राहत सामाग्री,खाद्यान्न आदि वितरण गरिएको छ।

ख) जलवायु परिवर्तनका असरहरुलाइ मध्यनजर गर्दै कृषि सिचाइ गर्न नहर निर्माणलाइ प्राथमिकता दिएको छ।

ग) वनजंगल र वन्यजन्तुको संरक्षण गर्न विक्षारोपन कार्यक्रम संचालन गरिने छ

घ) गाउँपालीकाको विभिन्न वडाहरुमा सौर्य बत्ति जडान कार्य भएको छ।

✓ सुशासन तथा संस्थागत विकास(कानुनी व्यवस्था,राजस्व परिचालन,संगठन संरचना,सार्वजानीक निजि साझेदारी एवम समन्वय) भएका उपलब्धि

क) गाउँपालीकाले ऐन,नियमावली,कार्यविधिर मापदण्डहरु तर्जुमा गरि कार्यान्वयनमा ल्याएको छ। गाउँपालीकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरि सो अनुसारको संगठन संरचना,जनशक्ति र कार्यविवरण तयार गरि कार्यान्वयनमा ल्याएको छ। यस गाउँपालीकाले गत आ.व.को स्थानीय तथा संस्थागत क्षमता स्वमुल्यांकन(एलजिपास) सम्मान जनक अंक प्राप्त

गरेको छ । आर्थिक वर्ष ०८१।०८२ को अन्तिम लेखापरिक्षण हुदा यस गाउँपालीकाको वेरुजु रकम लेखापरिक्षण भएको रकमको ०.५ प्रतिशत मात्र कायम भै जिल्ला भरमा भएका स्थानीय तहहरु मध्ये सवैभन्दा कम रहेको छ ,यसले गर्दा गाउँपालीकाको सुशासन प्रभावकारी रुपमा संचालन रहेको देखिन्छ । राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट आन्तरिक राजस्व श्रोतको दायरामा वृद्धि भएको छ । यस गाउँपालीकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिलाइ वडा वडामा गइ तेस्रो त्रैमासिक सम्मको सामाजिक सुरक्षा भत्ता वितरण गरि सकेको र बाकी रहेको चौथौ त्रैमासिकको रकम १,२ दिनै भित्रै लाभाग्राहीहरुको खातामा जम्मा भै सक्ने प्रतिवद्धता यहाहरु माझ राख्न चाहान्छु ।

उपस्थित सम्पुर्ण महानुभावहरु,

अव म यस रामनगर गाउँपालिकाको आर्थिक वर्ष २०८३।८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

७. यस गाउँपालीकाको आर्थिक वर्ष ०८२।०८३ को अषा।८ ? गते सम्मको वास्तविक आय **चौतिस करोड छ लाख वाइस** हजार पाच सय **चौसठी** रहेको छ भने वास्तविक खर्च **सत्ताइस करोड** त्रिहत्तर लाख दुइ हजार आठ सय तेह्र मात्र रहेको देखीन्छ । साथै आगामी आर्थिक वर्ष २०८३।०८४ को कुल बजेट ३८,४५,५५,०००।-(अक्षेरुपी अठतिस करोड पैतालिस लाख पचपन्न हजार मात्र) रहेको छ । यसै भित्र रहि विभिन्न विषयगत क्षेत्र अनुसार आगामी आर्थिक वर्षको निति तथा कार्यकम तर्जुमा गरेको छु ।

**क) आर्थिक विकास**

१.यस गाउँपालीका भित्र कृषि योग्य जमिन भएका कृषिमा निर्भर रहेका जनताहरुलाइ प्रोत्साहन स्वरुप पचास प्रतिशत अनुदानमा धान,गहुको विउ विजन वितरण गरिने छ ।

२.यस गाउँपालीका भित्र रहेका कृषि योग्य जमिनको वर्षेनि सुख्याको कारणले सिचाइमा समस्या भएको हुदा आगामी आर्थिक वर्षमा प्रत्येक वडाका किसानहरुलाइ सिचाइको लागी कृषि विधुतीकरण गरि कृषि मोटर,स्यालो ट्युवेल

CamScanner

वितरण गरिने छ । जसले गर्दा सिचाइको समस्यामा कमि आउनुका साथै किसानहरुलाइ राहात महसुस हुने अपेक्षा लिएको छु ।

३.यस गाउँपालीकाको वडा नं.१,२,३,४,७ का किसानहरुलाइ वर्षेनि सिचाइ गर्न समस्या भएको हुदा एकादसी नदीमा दिगो हुने गरि बाध निर्माण गरि उक्त क्षेत्रका किसानहरुको सिचाइको समस्यालाइ समधान गरिने छ । एकादशी नदीको बाधलाइ दिगो पन दिन राष्ट्रिय योजना आयोग सग वजेट माग गरिएको छ ।

४.प्रमुख बालीहरुको उत्पादनमा आत्मनिर्भर हुने नेपाल सरकारको नीतिलाई आत्मसात गर्दै सिँचाई, मलखाद, बीउ विजनको उपलब्धतामा सुधार गरिनेछ । पशुजन्य उत्पादन प्रोत्साहनका कार्यक्रमलाई प्राथमिकता साथ कार्यान्वयन गर्दै आर्थिक तथा सामाजिक रुपले पछि परेका कृषक केन्द्रित कार्यक्रमहरुलाई अझ प्रभावकारी रुपले सञ्चालन गरिनेछ ।

५. आर्थिक विकासको महत्वपूर्ण आधार आर्थिक क्रियाकलाप हो । नयाँ संरचना निर्माण सँगै यस क्षेत्रको आर्थिक क्रियाकलापहरुमा उल्लेख्य बृद्धि हुने निश्चित छ । कृषि तथा अन्य गैर कृषि जन्य उत्पादन बृद्धि गर्न विषादि मुक्त प्राङ्गारिक खेतीलाई प्रोत्साहन गरी आर्थिक तथा वित्तिय कारोबारहरुलाई व्यबस्थित एवं अनुशासित बनाउँदै यस क्षेत्रको उच्च आर्थिक बृद्धि हासिल गर्ने नीति लिईनेछ । यस गाउँपालिका क्षेत्रमा बैंक तथा वित्तिय संस्थाहरु पनि कमै मात्रमा सञ्चालनमा छन ।साथै गाउँस्तरमा विभिन्न समुहमार्फत वचत गर्ने वानी बसाल्ने, ऋण लिएर लगानी गर्ने लगायतका कार्यमा सहजता ल्याउन स्थानीय स्तरमा सहकारी समुहहरु गठन गर्ने नीति लिइनेछ । वचत वृद्धि, पुंजी निर्माण, ऋण परिचालन मार्फत आम जनताको जीवनस्तरमा सुधार गर्ने तर्फ पहल गरिनेछ । बैकिगं तथा वित्तिय क्षेत्रको विकास गरिनेछ ।

६.गाउँपालीका भित्र रहेका पशुपालन गर्ने किसानहरुको वर्षेनि विभिन्न रोगहरुले गर्दा पशु चौपायी मर्ने भएकोले उक्त रोगहरुको नियन्त्रण गर्न गाउँपालीकाले पशु सम्बन्धि औषधि खरिद गरि पशु चौपायाको उपचार गर्न पशु सम्बन्धि विज्ञहरुलाइ परिचालन गरिने छ ।

७.पशु नश्ल सुधारको लागि गाउँपालीकाले उन्नत जातका वोका,राँगो,खरिद गरि पशुपालन गर्ने किसानहरुलाइ वितरण गरिने छ । जसले गर्दा पशु नश्ल सुधारको योजनालाइ प्रभावकारी साथ सञ्चालन अपेक्षा राखेको छ ।

८.पशुपालन लाइ व्यवस्थित वनाउन गोठ सुधार योजना लाइ प्रभावकारी साथ सञ्चालन गर्दै लगिने छ। जसले गर्दा भकारो सुधार योजना पनि संचालन भइ कृषि पेशामा रासायनीक मलको प्रयोगलाइ पनि नियन्त्रण गर्न सकिने छ।

९.खाद्यन्न वालीका विउ वितरणमा अनुदानमा सहुलियत प्रदान गरिने छ। साथै कृषि वाली उत्पादन क्षेत्रमा सिचाइको व्यवस्था गरिने छ।

१०.यस गाउँपालीका भित्र रहेको मेनरोडबाट कृषि योग्य जग्गाको खेतिको लागि सहज वनाउन ट्याक्टर जानको लागि कृषि बाटो निर्माण गरिने छ। जसले गर्दा किसानहरुलाइ धान,गहु,उखु ल्याउनको लागि र खेती गर्न सहज हुने अपेक्षा राखेको छु।

११.यस गाउँपालीका भित्र माछा पालन गर्नको लागि विभिन्न ठाउँमा माछा पोखरी निर्माण गर्न किसानहरुलाइ प्रोत्साहन स्वरुप गाउँपालीकाबाट पचास प्रतिशत अनुदान दिइने छ। जसले गर्दा किसानहरुमा आत्म निर्भर हुने अपेक्षा राखेको छु।

१२.यस गाउँपालीका भित्र रहेका किसानहरुलाइ पचास प्रतिशत अनुदानमा खाद्य पदार्थ वितरण गरिने छ। साथै गाउँपालीकाले वर्षेनि रहेको खाद्य पदार्थको सङ्कटलाइ आगामी आर्थिक वर्ष देखि समयमै किसानलाइ उपलब्ध हुने व्यवस्था गरिने छ।

१३.यस गाउँपालीमा कृषी पशु पकेट संचालन गर्नको लागि आवश्यक ठाउँको पहिचान गरि माछा,भैसी र तरकारीको मिनिकिट वितरण कार्य लाइ निरन्तरता दिइने छ।

१४.वडा नं.३ मा रहेको गढीमाइ मन्दिर र वडा नं. ५ मा रहेको शिवपार्वती मन्दिरलाइ निर्माण स्तरनोन्ति गरिएको हुदा उक्त क्षेत्रलाइ पर्यटकीय क्षेत्र घोषणा गरिने छ जसले गर्दा पर्यटन विकासमा टेवा पुग्नेछ।

१५.वन तथा वातावरण व्यवस्थापनमा ध्यान दिन गाउँपालीकाका वडाहरुमा वृक्षारोपन कार्यकम संचालन गरिने छ। जसले गर्दा वन्यजन्तु तथा भुमीगत पानीको सिचाइमा टेवा पुग्नेछ।

ख) सामाजिक विकास

१.गा.पा.अन्तर्गतका विद्यालयहरुमा शिक्षा विकास तथा मानव श्रोत विकास केन्द्रबाट सशर्त अनुदानमा प्राप्त रकम बाट विद्यालयमा अध्ययरत बालबालिकाहरुको पोषण कार्यक्रम लागु गरिएको छ भने यसलाई प्रभावकारी बनाउने खाजा व्यवस्थापन समितिको निर्माण गरि वडा अध्यक्षको रेखदेख कार्यक्रम संचालन गरि योजनाको नियमित अनुगमन गरि प्रभावकारी बनाइने छ।

२.उद्यमशीलता, स्वरोजगार र आय आर्जनमा केन्द्रित गर्न युवालाई छोटो र लामो अवधिको तालिम दिइनेछ । स्वस्थ, अनुशासित तथा सिर्जनशिल युवा शक्ति उत्पादन गर्न खेलकुद क्षेत्रको विकासको लागि खेलकुद पूर्वाधारको विकास गरिनेछ ।

३. शिक्षा क्षेत्रमा भएको लगानीको प्रतिफलमा प्रभावकारिता अभिबृद्धि गर्न सेवाको गुणस्तरमा थप सुधारको व्यवस्था मिलाईनेछ । सीपयुक्त शिक्षाकालागि प्राविधिक तथा व्यवसायिक शिक्षालाई क्रमश: विस्तार गरिनेछ ।

४. नेपाल सरकारले हरेक गाउँपालिकामा १५ शैयाको अस्पताल बनाउने कार्यक्रम लिए अनुरुप यस गाउँपालिकामा १५ शैयाको अस्पताल निर्माणको ठेक्का लगाइ सिल्यान्यास भै कार्य निर्माण सुचारु भै सकेको छ । साथै यस गाउँपालीका सुरक्षित प्रसुती सेवा प्रदान गर्नका लागि वडा नं.१,३ र ५मा बर्थिङ सेन्टरलाइ प्रभावकारीकाताका साथ संचालन गरिने छ । बर्थिङ सेन्टरलाइ सुधार गरि संचालनमा गरिने छ ।

५.गाउँपालीका भित्र रहेका गर्भवति,सुत्केरी,बिरामी सम्पुर्ण वृद्ध व्यक्तिहरुलाइ उपचारको लागि सहज बनाउन र सुविधा सम्पन्न अस्पताल सम्म लैजान निशुल्क रुपमा एम्बुलेन्स सेवा संचालनमा ल्याइएको छ ।

६.लैगिंक समानता, महिला सशक्तिकरण, लैगिक मुलप्रवाहीकरण र महिला सहभागिता बृद्धि गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ । संघीय सरकार मार्फत सञ्चालन हुने सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता प्राप्त गर्ने व्यक्तिहरुको विवरण अनलाइन प्रणालीमा अद्यावधिक गरिदै आएकोमा सामाजिक सुरक्षा रकम बैकिंग प्रणालीमार्फत वितरण गरिने कार्यलाइ थप सहजताका साथ समयमा नै वडा स्तरमा नै उपलब्ध हुने व्यवस्था मिलाइएको अझ प्रभावकारी साथ वितरण गरिने छ ।

७. सामाजिक तथा सांस्कृतिक विविधता युक्त यस क्षेत्रमा सह अस्तित्वको आधारमा स्वस्थ सामाजिक सम्वन्ध विकास गर्न सबै प्रकारका भेदभावको अन्त्य गरी समावेशीकरणको माध्यमबाट समानता र सामाजिक न्याय कायम गरिने छ ।

८.गाउँपालीकामा भित्र रहेका जनताहरुमा सफा स्वच्छ खानेपानीको व्यवस्था गर्न गाउँपालीका भित्र रहेका प्रत्येक चोक चौकिमा,विद्यालयमा ,स्वास्थ्य चौकिमा लागाएत विभिन्न ठाउँमा हैण्ड पाइप जडान गरिएको छ । साथै आवश्यक अन्य ठाउँमा पनि जडान गरि स्वच्छ खानेपानी खाने प्रवन्ध मिलाइने छ ।

९.रामनगर गापामा उखु पकेट क्षेत्र संचालनको लागि स्योलोट्यूवेल जडान गरिने छ । जसले गर्दा उखु उत्पादन गर्ने किसानहरुलाइ उखु उत्पादनमा फाइदा पुग्नेछ ।

१०.गाउँपालीका भित्र संकृतिको धरोहरको रुपमा रहेका मन्दिर,मस्जिदको बाकी कामको निर्माण गरि व्यवस्थित रुपमा भक्तजनहरुलाइ पुजा आर्चन गर्ने अवसर प्रदान गरिने छ ।

११.गाउँपालीका भित्र रहेका विरामीहरुको नियमित चेक जाच गर्न घुम्ति सेवाको प्रयोग गरिने छ । साथै गाउँपालीकाबाट निशुल्क रुपमा पाउने सम्पुर्ण औषधिहरुलाइ उक्त विरामीहरुलाइ उपलब्ध गराइने छ ।

१२.गाउँपालीका भित्र रहेका जेष्ठ नागरिकहरुलाइ आयुवेर्द सम्बन्धि विभिन्न औषधी जस्तै असोगन्धा,चुर्ण,दशमुल तेल,माहानारायण तेल वितरण गरिने छ ।

१३.गाउँपालीका भित्र वडा नं.१ मा आयुवेर्द सेवा स्थापना गरि गाउँपालीका भित्र गाउघर क्लिनिक संचालन गरि नसर्ने रोगहरुलाइ नियन्त्रण गर्न सहज पुऱ्याइने छ ।

१४.गर्भवती महिलाहरुले सहज रुपमा प्रसुती गर्ने सेवालाइ प्रभावकारीताका साथ संचालन गर्न गाउँपालीकमा सुविधा सम्पन्न बर्थिङ सेन्टर स्थापना गरिने छ ।

१५.पालीका भित्र रहेको विभिन्न विद्यालयहरुमा पठनपाठनका लागि विद्यार्थिहरुलाइ सहज वनाउन आवश्यकता अनुसार विद्यालय भवन निर्माण गरिने छ ।

१६.गाउँपालीका भित्र रहेका विभिन्न विद्यालयहरुको मर्मत सम्भार कार्य थप विद्यालय भवन निर्माण गरि विद्यार्थीहरुको पठनपाठनमा सहज पुऱ्याइने छ । साथै गर्मीको समयमा विद्यार्थिहरुको पठनपाठनमा समस्या रहेको हुदा प्रत्येक विद्यालयमा पङखा जडान गरि विद्यार्थीहरुको पठनपाठनमा सहजता लाइने छ ।

१७.गाउँपालीका भित्र रहेका युवाहरुलाइ खेलकुदमा प्रोत्साहन गर्नको लागि गाउँपालीकामा क्रिकेट मैदान निर्माण गरिने छ । साथै खेलकुद सम्बन्धि ड्रेस,ब्याट,वल ,भलिवल,फुटवल प्रत्येक वडाहरुका युवाहरुमा वितरण गरिने छ ।

१८.आजको युग सूचना र सञ्चारको युग हो । सूचना प्रविधिको विकास विना समृद्धिको परिकल्पना गर्न सकिँदैन । सञ्चार क्षेत्रको विकासका लागि प्रत्येक वडामा ईन्टरनेट सेवा विस्तार गर्नुका साथै नेपाल टेलिकम तथा अन्य सञ्चार सम्वद्ध संस्थाहरुसँग आवश्यक सहकार्य गरी यस क्षेत्रको सञ्चार सेवाको गुणस्तरमा सुधार गरिने छ ।।

CamScanner

१९. लागु औषध दुर्वेशनीमा लागेका युवाहरुलाइ सचेतना मुलक कार्यक्रम संचालन गरि उनीहरुलाई समाजको मुल धारमा ल्याउइने छ । लैगिंक सामानतामा आधारीत समाज निर्माणको लागि सशत्तिकरण कार्यक्रम संचालन गरिने छ । अवको विकास अपांगमैत्री, वालमैत्री, महिलामैत्री वनाउनेतर्फ नीति अङ्किकार गरिनेछ । अपांगता भएका बालवालिकाको लागि विद्यालयमा दिवा खाजा ,छात्रवृत्ति दिने, अपांगहरुलाई सरकारले दिने गरेको सामाजिक सुरक्षावापतको रकम पाएनपाएको सम्बन्धमा खोजी गरी नपाएको खण्डमा पाउने व्यवस्था गरिनेछ । दलित समुदायलाई गरिँदै आएको सामाजिक विभेदको अन्त्य गर्ने खालका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ साथै मुसहर,चमार डोम लोपोन्मुख समुदाय तथा अल्पसंख्यकहरुलाई समेत विकासको मुलधारमा ल्याउन पहल गरेको छु ।

२०.सुत्केरी तथा बालबालिकाहरुलाइ कुपोषणबाट बचाउन बहुक्षेत्रिय पोषण आयोजनालाइ प्रभावकारीताका साथ कार्यान्वयनमा ल्याइने छ ।

२१.यस गाउँपालीकाका विद्यालयहरुमा कार्यरत बालविकास सहयोगी,विद्यालय सहयोगी र कार्यालय सहायकहरुलाइ पालीकाको तर्फबाट वढाइदै आएको मासिक ८०००।-वृद्धि रकम यस आर्थिक वर्षमा पनि कायम राखिएको छ जसले गर्दा उनिहरुको मनोवल बढाइने छ ।

२२. यस गाउँपालीका भित्र रहेको सामुदायीक विद्यालयहरुको शैक्षिक स्तर उकास्नको निमित विद्यालयहरुको शैक्षिक स्तरको नियमित अनुगमन गरिने छ । साथै अझ प्रभावकारीताका साथ पढाइ संचालन गर्न दक्ष स्वयमं सेवक शिक्षकहरुको सेवा सुविधामा विशेष ध्यान दिएको छु ।

२३. यस गाउँपालीका भित्रका गर्भवती सुत्केरी महिलाहरुलाइ प्रोत्साहन स्वरुप पौष्टिक आहारहरु वितरण गरि गर्भवतीको स्वास्थ्यमा सुधार ल्याइने छ ।

२४. यस गाउँपालीकामा कार्यरत महिला स्वास्थ्य स्वयम सेवीकाहरुको हुदै आएको प्रोत्साहन रकमलाइ आगामी आर्थिक वर्षमा वृद्धि गरिने छ ।

२५. यस गाउँपालीका अन्तर्गत विभिन्न वडाहरुमा शारिरिक असक्शता भएका व्यक्तिहरुलाइ सहज रुपमा आवतजावत गर्न सिविआर सामाग्री वितरण गरिनेछ ।

निमला

२६.यस गाउँपालीका अन्तर्गत रहेका विद्यालयहरुको अधुरो रहेको भवनहरुलाइ पुर्ण रुपमा संचालन गर्न योग्य वनाइने छ ।

२७.यस गाउँपालीका अन्तर्गतका विद्यालयहरुमा राष्ट्रपति रनिङ सिल्ड कार्यक्रम भव्यताका साथ संचालन गरिने छ । जसले गर्दा विद्यालयहरुमा अध्ययनरत वालवालीकाहरुको खेलकुद क्षेत्रमा थप उचाइ प्राप्त हुनेछ । गाउँपालीकाले खेलकुद क्षेत्रमा लागेको युवायुवतीहरुको खेलकुद क्षेत्रलाइ उचाइमा पऱ्याउन वडा स्तरिय अध्यक्षकप संचालन गरिनेछ ।

२८.वडा अन्तर्गतका महिलाहरुलाइ सिपविकास तालीम संचालन गरि महिलाहरुलाइ रोजगारी सिर्जना हुने अवसर प्रदान गरिने छ ।

२९.गाउँपालीका अन्तर्गत विद्यालयहरुमा अन्ययनरत वालवालीकाहरुलाइ झोला वितरण गरिनेछ । जसले गर्दा वालवालिकाहरुलाइ विद्यालय जान प्रोत्सान प्रदान गर्नेछ ।

३०.यस गाउँपालीकाको वडा नं.४ मा रहेको वर्थिङ सेन्टरमा कर्मचारीलाइ दक्ष तालीम दिइ अल्ट्रासाउण्ड संचालनमा लाइने छ । जसले गर्दा गर्भवती महिलाहरुको नियमित चेकजाचमा सहयोग पुग्नेछ ।

३१.यस गाउँपालीकालाइ आगामी आर्थिक वर्ष भित्रमा युवा मैत्री स्थानीय तह घोषण गरिने लक्ष्य लिएको छ । जसले गर्दा युवा लाइ हरेक क्षेत्रको विकासमा सहयोग पुग्नेछ ।

ग) पुर्वाधार विकास

१.नेपाल सरकारको निति तथा कार्यक्रम बमोजिम गाउँपालीकालाइ मुल सडक सम्म जोडिने निति बमोजिम यस गाउँपालीकाले पनि गाउँपालीका सग प्रत्येक वडालाइ जोडिने गरि सडक निर्माण गरिने छ।

२.गाउँपालीका भित्र विभिन्न ठाउँमा निर्माण हुने घरहरुलाइ एकरुपता ल्याउनको लागि गाउँपालीकाले भवन निर्माण आचारसंहिता लागु गरिने छ

३.गाउँपालीका वस्ती विकास मापदण्ड निर्माण गरि लागु लक्ष्य लिइएको छ। जसले गर्दा व्यस्थित गाउँ निर्माण गर्नमा सहयोग पुग्नेछ।

४.गाउँपालीका भित्र रहेका विभिन्न सडकहरुलाइ आगामी आर्थिक वर्षमा कम्तिमा ३ किलोमिटर ढलान गरिनें छ। जसले गर्दा वर्षा याममा जनताहरुलाइ एक ठाउ देखी अर्को ठाउँ सम्म पुग्न सहज पुऱ्याउने छ।

५.यस गाउँपालीका भित्र रहेका खैर्वा,विर्ता टोलामा झोलुङ्गे पुल निर्माण गरिने छ। जसले गर्दा मानिसलाइ वर्षायाममा नदीमा आवतजावत गर्न सहज पुग्ने छ।

६.गाउँपालीका भित्र रहेका सार्वजानीका चोक चोकमा सौर्य उर्जा जडान गरिने छ। सोलार वत्तिले गर्दा मानीसहरुलाइ रातको समयमा आवतजावत गर्न सहज हुने छ।

७.गाउँपालीका भित्र सिचाइलाइ सहज पुऱ्याउन एकादशी नदीमा बाध निर्माण गरिने छ।

८.गाउँपालीकाको कृषि क्षेत्रको आवतजावतमा सहजता पुऱ्याउन विभिन्न ठाउँमा कृषि सडक निर्माण गरिने छ।

९.गाउँपालीकाको विभिन्न ठाउँमा आवतजावतको लागि नयाँ सडक निर्माण गरिने छ। साथै पुराना विग्रीएका सडकहरुमा ग्रेभल गरि आगामी वर्षहरुमा ढलान प्रक्रिया अगाडी वढाइने छ।

१०.वडा नं.६ मा रहेको सिसौट बजार क्षेत्रलाइ प्रभावकारी रुपमा संचालन गर्न बजार ढलान तथा सटरहरु निर्माण गरिने छ। जसले गर्दा व्यापार गर्ने व्यापारीहरुलाइ,किसानहरुलाइ सहज रुपमा विक्रि वितरण किनमेल गर्न सहजता आउने छ।

११.गाउँपालीका भित्र वर्षा याममा गाउँ हिलो डुवानवाट वचाउन प्रत्येक वडामा नाला निर्माण गरिने छ।

१२.गाउँपालीकाको सेवा प्रवाहमा सहज रुपमा संचालन गर्न केन्द्र सरकार र स्थानीय तहको साझेदारीमा गाउँपालीकामा प्रशासकिय भवन निर्माण गरिने छ।

घ) वातावरण तथा विपद व्यवस्थापन

१.गाउँपालीकाबाट बग्ने बागमती तथा मनुष्मरा नदीले वर्षेनी खेती योग्य जमिन कटान गरेको घर डुवान गरेको कारणले निकै धनजनको क्षती भएको हुदा उक्त नदीहरुलाइ नियन्त्रण गर्न तटवन्ध,पुल,कल्भर्ट निर्माण गरिने छ ।

२.गाउँपालीका भित्र रहेका गरिव,दलित,चमार,डोम आदी समुदायको वर्षा याममा फुसको छाना भएकाले पानी पर्दा वसोवास गर्न समस्या आइ विपद आउने गरेकाले उक्त समुदायहरुलाइ राहत वितरण गरिने छ ।

३.गाउँपालीका भित्र रहेका फुसको छानालाइ आगामी आर्थिक वर्ष भित्र नागरिक आवास कार्यक्रम मार्फत हटाइने छ । साथै उक्त परिवारलाइ फुसको छाना हटाउन गाउँपालीका मार्फत प्रोत्साहन स्वरुप रकम उपलब्ध गराइने छ ।

४.गाउँपालीका भित्र गर्मी याममा हावाहुरीको कारणले आगलागी भइ जनधनको क्षती हुने भएकाले आगालागि नियन्त्रण गर्न बारुणयन्त्र खरिद गरिने छ । साथै प्रत्येक गाउँगाउँमा आगलागी भुकम्पको जोखिमबाट बच्न सचेतना मुलक कार्यक्रम संचालन गरिने छ ।

५.गाउँपालीकाले विपद व्यवस्थापन सम्बन्धि कार्यविधि निर्माण गरि विपद व्यवस्थापन कोष गठन गरि सकेको हुदा उक्त कोषमा आवश्यक रकम विनियोजन गरि विपदको समयमा सहज रुपमा संचालन गरिने छ ।

६.बजारबाट निस्कने फोहोरमैलाको व्यवस्थापन गरिने छ । साथै घरबाट निस्कने उक्त फोहोरमैलालाइ कुहिने र नकुहिने गरि छुट्याएर राख्न जनचेतनामुलक कार्यकम संचालन गरिने छ ।

७.जलवायु परिवर्तबाट विद्यमान समस्यालाइ समाधान गर्न गाउँपालीका भित्र रहेका प्रत्येक व्यक्तिले विरुवा रोप्नु पर्ने छ । जसले गर्दा गाउँपालीकाको एक व्यक्ति एक विरुवा नितिलाइ प्रभावकारी तुल्याउने छ ।

८.गाउँपालीका भित्र खानेपानीको समस्याबाट समाधान गर्न जलाधार क्षेत्रहरुको खोजी गरिने छ ।

९.विपदबाट प्रभावित परिवारहरुलाइ कार्यपालीकाको निर्णय अनुसार आर्थिक सहयोग,खाद्यन्न सामाग्री,त्रिपाल आदि अतिआवश्यक सामाग्रीहरु वितरण गरिनेछ ।

ङ) संस्थागत विकास तथा सेवा प्रवाह

उपस्थित सम्पूर्ण माहानुभावहरु,

१.गाउँ कार्यपालिकाको कार्यालयले आफु र आफ्नो मातहतका कार्यालयहरु मार्फत प्रवाह गर्ने सेवाको प्रभावकारिता, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, नागरिक वडापत्र, सुचनाको हकको प्रत्याभूति,पारदर्शिता,

निर्मला 3।2।13

सैलदेवी

जवाफदेहिता, भ्रष्टाचार निवारण लगायतका कार्यहरुमार्फत सुशासन अभिवृद्धि गर्ने खालका कार्यहरुलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिने छ ।

२.यस गाउँपालिका तथा अन्तर्गत काम गर्ने कर्मचारीहरुको मनोबल उच्च राख्न कार्य जिवनको गुण अभिबृद्धि गर्ने वातावरण सिर्जना गरिनेछ । कर्मचारीहरुलाई कार्यस्थलमा बसी सेवा प्रवाह गर्ने तथा गाउँपालिकाको निर्णयहरुलाई अक्षरसः कार्यान्वयनमा ल्याउनका लागि तत्पर हुने अवस्थाको सिर्जना हुने वातावरण मिलाइनेछ । राम्रो काम गर्ने कर्मचारीहरुलाई प्रोत्साहन गरिने तथा नराम्रो काम गर्ने कर्मचारीहरुलाई कार्वाही गर्ने व्यवस्था मिलाएको छ ।

३.यस क्षेत्रको आन्तिरिक साधन स्रोतको पहिचान गरि राजस्व वृद्धि गर्नको लागि गाउँपालीकामा रहेका सार्वजानीक पोखरीहरुको सार्वजानीक नदीमा माछापालन गर्न पोखरी र नदीको पहिचान गरि ठेक्काको व्यवस्था मिलाइने छ ।

४ यस गाउँपालीकाको मालपोत र सिफारिस दस्तुरको राजस्व व्यवस्थित गर्न वडा कार्यालयहरु मार्फत हुने सम्पुर्ण कार्यलाई सफ्टवेयर मार्फत कम्प्युटर प्रणालीमा संचालन गरिने छ ।

५. यस गाउँपालीकाले खरिद गरेका खर्च भएर नजाने जिन्सी सामानहरुको व्यवस्थित राख्नको लागि महालेखा नियन्त्रक कार्यालयले संचालनमा ल्याएको पाम्स सफ्टवेयरलाइ २०७९ श्रावण महिना देखी रुपमा संचालनमा आएको हुदा उक्त सफ्टवेयरलाइ अझ प्रभावकारी साथ संचालनमा ल्याइने छ ।

६. नेपाल सरकारको आवधिक योजना बमोजिम प्रत्येक स्थानीय तहलाई डिजिटललाइजेसन प्रणलीमा व्यवस्थित गर्ने योजना अनुरुप यस गाउँपालीकाले पनि उक्त कार्यलाई प्रभावकारीताका साथ अगाडी बढाउनको निमित्त बजेट व्यवस्थापन गरिने छ ।

७) यस गाउँपालीकाको ७ वटै स्वास्थ्य संस्थाहरुमा कम्प्युटर जडान गरि स्वास्थ्यको सुचकहरुलाइ व्यवस्थित गरिने छ ।

CamScanner

८. गाउँपालीका भित्र रहेका स्वास्थ्य चौकीहरुलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक औषधी तथा औजार उपकरणको लागि यस आ.व.मा बजेटमा बृद्धि गरेको छु ।

९. आर्थिक वर्षको अन्त्यमा आएर असारे विकास गर्ने परिपाटीको अन्त्य गर्दै यस वर्षलाई रामनगर गाउँपालिकाको बजेट कार्यान्वयन वर्षको रुपमा मनाइनेछ । यसकोलागि आर्थिक वर्षको शुरुमा नै योजना बनाएर काम गर्न शुरु गर्ने र समयमा नै गाउँपालिकाका कार्यक्रमहरु सम्पन्न गरिनेछ ।

१०. आगामि दिनहरुमा सञ्चालन गरिने विकास कार्यक्रम तथा योजनाहरु दिगो एवं प्रभावकारी बनाउने वस्तुनिष्ठ योजनाको छनोट गरी कार्यविधिले निर्दिष्ट गरेको समय सिमा अनुसार सम्पन्न हुने व्यवस्था मिलाईनेछ । प्राविधिकको लागत अनुमान तथा मूल्याङ्कन, अनुगमन समितिको प्रतिवेदन लगायत कार्यविधिले निर्दिष्ट गरेको प्रक्रिया पुरा गरी मात्र भुक्तानी दिने व्यवस्था मिलाईनेछ ।

११. सबै नागरिकको जिउधनको सुरक्षा, आत्मसम्मान, मौलिक हक एवं आधारभूत मानव अधिकारको संरक्षण एवं सम्बर्द्धन गर्दै स्वच्छ, शान्त र समृद्ध रामनगर गाउँपालिकाको निर्माण गरिनेछ ।

१२) यस गाउँपालीकामा रहेका सेवाग्राहीहरुको लागि सर्वसुलभ सेवा प्राप्त गर्ने हेतुले गाउँपालीकामा हेल्पडेस्क निर्माण गरिने छ ।

१३) यस गाउँपालीका अन्तर्गतका सार्वजानिक सम्पतिको संरक्षण तथा सिमाकंन गरिने छ ।

१४)गाउँपालीका अन्तर्गतका स्वास्थ्य चौकी,वडा कार्यालय,गाउँ कार्यपालीकाको कार्यालय,सामुदायीक विद्यालयहरुमा साथै यस मातहत रहेका कार्यालयहरुमा अनिवार्य इ हाजिरीको व्यवस्था गरिने छ । जसले गर्दा चुस्त दुरुस्त छिटो छरितो सेवा प्रवाहमा सहयोग पुग्नेछ ।

CS CamScanner

१५) गाउँपालीकाको सुचनालाइ व्यवस्थित,प्रभावकारी,साथै चुस्तदुरुस्त वनाउन गाउँपालीका भित्रको हरेक क्षेत्रको सुचना संकलन गरि भिलेज प्रोफाइल निर्माण गरिनेछ ।

च) सुशासन तथा संस्थागत विकास

१.गाउँपालीकाको विभिन्न आर्थिक वर्षमा महालेखापरिक्षकको कार्यालयबाट लेखापरिक्षणहुदा देखिएका वेरुजु फछ्यौट सम्बन्धमा अध्ययन गर्न वेरुजु फछ्यौट समिति गठन गरि अहिले सम्म भए गरेका अनियमितता देखिएको कामहरुलाइ कानुनी दायरामा ल्याइने छ ।

२.गाउँपालीकाबाट आम्दानी हुने विभिन्न क्षेत्रहरुको खोजी गरि राजस्व आम्दानीमा विशेष जोड दिइने छ ।

३.गाउँपालीकाले सञ्चालन गरेका विभिन्न कार्यकम तथा योजनाहरुको सामाजिक परिक्षण गरि उक्त कार्यकमहरुको दिगोपनमा ध्यान दिइने छ ।

४.गाउँपालीकाले भए गरेका कामको गुनासो सुन्नका लागि विभिन्न ठाउँमा गुनासो पेटीका राखी प्रत्येक महिनामा गुनासोको सुधार गर्दै लगिने छ ।

५.गाउँपालीकाले गरेका हरेका कामहरुको जनता सम्म पुर्‍याउन रेखदेख गर्न गाउँपालीकामा सुचाना अधिकारी राखिने छ ।

७.गाउँपालीकाले वितिय व्यवस्थापन गर्न प्रत्येक महिनामा सार्वजानीक सुनुवाइ गर्ने । जसले गर्दा जनता सामु भए गरेका कामको जानकारी भइ सरकार सग जनता साथ साथै रहने अपेक्षा राखेको छु ।

८.गाउँपालीकाले सुशासन कायम गर्न हरेक कामकार्वाही सुचना पार्टीमा टास गरि मागेको समयमा सुचना उपलब्ध गराइने छ ।

९.गाउँपालीकाले गाउँपालीका भित्र रहेका हरेक कामकार्वाहीमा संघ,प्रदेश सग समन्वय गरि अगाडी वढने छ ।

१०.स्थानीय विवाद मेलामिलापको माध्यामबाट निरुपण गर्न मेलमिलाप केन्द्रको व्यवस्थापन गरि उनिहरुको क्षमता अभिवृद्धि गरिने छ ।

११.न्यायीक समितिले सम्पादन गर्न पाउने विवादहरु केके हुन यसका प्रक्रियाको बारेमा जनस्तरमा प्रचार प्रसार गर्ने कार्यक्रमहरु निर्माण गरिनेछ.

CamScanner

१२. गरिब,असहाय तथा पछि परेको समुदायको लागि निःशुल्क कानुनी परामर्शको लागि सहयोग गर्न आवश्यक व्यवस्था गरिने छ ।

१३. न्याय सम्पादनलाइ व्यवस्थित बनाउन तत्काल इजलास निर्माण कार्य अगाडी बढाइने छ ।

उपस्थित सम्पुर्ण महानुभावहरु,

अब म यस रामनगर गाउँपालिकाको आर्थिक वर्ष २०८३।८४ को बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आ.व.०८२।०८३ को गाउँसभामा बाट पारित भएको प्रभावकारी कार्यक्रमहरुलाइ निरन्तरता दिदै कृषि,स्वास्थ्य,शिक्षा र युवाहरुलाइ प्राथमिकतामा राखी आगामी आर्थिक वर्षको बजेट भित्र रहि कार्यक्रम तथा योजनाहरु तर्जुमा गरेको छु ।

**उपस्थित सम्पर्ण महानुभावहरु**

अब म यस गाउँपालिकाको आर्थिक वर्ष २०८३।८४ को आय व्ययको विवरण प्रस्तुत गर्न गईरहको छु ।

रामनगर गाँउपालिकाले प्रस्तावित वजेट तथा कार्यक्रम तर्जुमा गर्दा मुलतः नेपालको संविधान २०७२ को अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकार सुची, आर्थिक अधिकार र आर्थिक कार्य प्रणाली, मौलिक हकहरु, आर्थिक सामाजिक विकास, साधन श्रोतको उपयोग नीति, अर्थ मन्त्रालयल र संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयबाट प्राप्त मार्गदर्शन, सहभागितामूलक योजना छनौट पद्धति, विकासका समसामयिक मुद्धाहरु जस्तै सामाजकि संरक्षण, दीगो विकास, जलवायु परिवर्तन, विपद व्यवस्थापन, लैगिंक सशक्तिकरण तथा समावेशी विकास समेतलाई आधार मानी देशको आर्थिक क्षेत्रमा उत्पन्न कठिन परिस्थिति र विश्वव्यापी रुपमा आएको आर्थिक मन्दिको कारण ओरालो लागेको अर्थतन्त्र सँग जुध्दै रामनगरवासीको जीवनस्तर सहज बनाउन आईपरेका चुनौतिलाइ सम्बोधन गर्दै सुशासन मार्फत समग्र पालीकाको समृद्धिका लागि सहयोग पुग्ने ध्येयका साथ स्थानीय सरकारको बजेट तथा कार्यक्रम समितिको संयोजकको हैसियतले यस गरिमामय सभामा आर्थिक वर्ष ०८३।०८४ को वार्षिक वजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु ।

आगामी आर्थिक वर्ष ०८३।८४ को कुल बजेट ३८,४५,५५,०००।-(अक्षेरुपी अठतिस करोड पैतालिस लाख पचपन्न हजार मात्र) मध्ये वित्तीय समानीकरण तर्फ संघ र प्रदेश गरि जम्मा रकम रु.१०,५९,४८,०००।- (अक्षेरुपी दश करोड उनान्साठी लाख अठचालीस हजार मात्र ) र शसर्त अनुदान तर्फ संघ र प्रदेश गरि जम्मा रकम रु.१७,५१,००,०००।- (अक्षेरुपी सत्र करोड एकाउन्न लाख मात्र ),विशेष अनुदान संघ र प्रदेश गरि रकम रु.२०,००,०००।-(अक्षेरुपी विस लाख मात्र ) गरी नेपाल सरकार र प्रदेश सरकार अन्तर सरकारी वितिय हस्तातरणको जम्मा रकम रु.२८,३०,४८,०००।-(अक्षेरुपी अठाइस करोड तिस लाख अठचालीस हजार मात्र) को अधिनमा रहि विनियोजित गरेको छु।

आन्तरकि श्रोत तर्फ रकम रु.४०,००,०००।-(अक्षेरुपी चालीस लाख मात्र),राजस्व बाडफाड संघ र प्रदेश गरि जम्मा रकम रु.९,५५,०७,०००।-(अक्षेरुपी नौ करोड पचपन्न लाख सात हजार मात्र) र बैक मौज्दात २०,००,०००।-(अक्षेरुपी विस लाख मात्र) गरि जम्मा बजेट रु.३८,४५,५५,०००।-(अक्षेरुपी अठतिस करोड पैतालिस लाख पचपन्न हजार मात्र ) आम्दानीको आकलन गरिको छु। कुल बजेट मध्ये चालु खर्च रकम रु.२२,२६,०७,०००।-(अक्षेरुपी बाइस करोड छब्बिस लाख सात हजार मात्र) र पुजीगत खर्च रकम रु.१६,१९,४८,०००।-(अक्षेरुपी सोह्र करोड उन्नाइस लाख अठचालीस हजार मात्र) विनियोजन गरेको छु भने विषयगत क्षेत्रहरुमा निम्नानुसार बजेट विनियोजन गरेको छु। साथै शिक्षा,स्वास्थ्य र कृषि क्षेत्र र युवा लक्षित कार्यकमलाइ आर्थिक वर्षको बजेटमा विशेष प्राथमिकता दिएको छु।

अन्त्यमा यस बजेट तर्जुमामा सहयोग गर्नुहुने सम्पुर्ण पदाधिकारीहरु, वडा समितिहरु, राजस्व र बजेट सम्बन्धी कानून बमोजिम गठित विभिन्न समितिहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारी मित्रहरु, यस क्षेत्रका बुद्धिजिबी तथा राजनैतिक दलका मित्रहरु एव प्रत्यक्ष अप्रत्यक्ष रुपमा भूमिका खेल्नु भएका रामनगर गाउँपालिकाका सम्पूर्ण जनसमुदायलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु।

CamScanner

यस रामनगर गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुऱ्याउनुहुने रामनगर गाउँपालिकाको जनसमुदाय कर प्रदायकहरु, विकासका साझेदार सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरु र संचारमाध्यमहरु प्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोग अपेक्षा गरेको छु ।

धन्यबाद ।

.....................

राजावावु यादव

अध्यक्ष

रामनगर गाउँपालीका सर्लाही

CamScanner